बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल

## करारमा लिने कृषि स्नातक प्राविधिकको (पशु विज्ञान तर्फ) कार्यविवरण

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।

२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गराउने।

३) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको बार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने।

४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्यांक अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।

५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने।

६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा संचालन गर्ने।

७) आकस्मिक रोगहरूको investigation गरी Real Time रिपोर्टिङ्ग गर्ने।

८) कृत्रिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने।

९) Livestock, Feed sources Mapping गर्ने।

१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

११) ईपिडेमियोलोजिकल रिपोर्ट नियमित रूपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडेमियोलोजी शाखामा सम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने।

१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने।

१४) भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने।

१५) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तात्कालीन सूचीकृत रोगहरू फैलिएको शंका लागेमा तुरून्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ्ग यथाशीघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिमियोलोजी शाखा) मा गर्ने ।

१६) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने।

गौरीशंकर बैतेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल

१७) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अध्यावधिक गर्ने।

१८) पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरूको अभिलेख राखे र नियमित बैठक गरी सोबाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने

१९) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने।

२०) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

२१) पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा संघसँग समन्वय र सहकार्य गर्ने।

२२) पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने।

२३) पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राखे र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने।

२४) कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने।

२५) छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघसंस्थासँग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने।

२६) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।

२७) आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरू (राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरू) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरी नियमित रूपमा भ्याक्सिनेसन गर्ने।

२८) स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८० ले तोकेको कार्यहरु ।